कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा विकास निर्देशनालय
# सामाजिक विकास कार्यालय, जुम्ला
कार्यालय कोड: ३५००१६२०१६

प.सं.- २०८२/०८३ च.नः- मिति-२०८२।१०।०८

## आ.व. २०८२/०८३ को छात्रवृत्ति सम्बन्धी सूचना

उपरोक्त सम्बन्धमा चालु आ.व. २०८२/०८३ मा यस कार्यालयको बजेट तथा कार्यक्रम अनुसार जुम्ला जिल्लाको लागि तपसिल बमोजिमका छात्रवृत्ति वितरणका लागि जिल्ला छात्रवृत्ति छनोट तथा वितरण समितिको मिति २०८२/१०/०८ गतेको बैठकको निर्णय अनुसार २०८२/१०/०८ गतेदेखि २१ दिनको म्याद राखी सूचना प्रकाशन गर्ने निर्णय भएकोले तपसिलका छात्रवृत्ति प्राप्त गर्न जुम्ला जिल्लामा स्थायी बसोबास भई देश भरका मान्यता प्राप्त शैक्षिक संस्थामा अध्ययनरत विद्यार्थीहरूले यस कार्यालयको वेब साइट https://sdojumla.karnali.gov.np मा राखिएको छात्रवृत्ति आवेदन फारम भरी आवश्यक तपसिलका कागजात सहित तोकिएको मिति भित्र यस कार्यालयमा आवेदन पेश गर्न हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ।

### तपसिल

| क्र.स. | छात्रवृत्तिको नाम | छात्रवृत्ति प्रदान गरिने विषय /तह | कोटा जना | दर रकम | आवेदन फारम साथ बुझाउनुपर्ने कागजात |
|---|---|---|---|---|---|
| १ | प्राविधिक छोरीबुहारी छात्रवृत्ति | प्राविधिक विषय / प्रमाणपत्र तह वा सो सरह<br>क. स्वास्थ्य<br>ख. कृषि<br>ग. पशुविज्ञान<br>घ. वनविज्ञान<br>ङ. इन्जिनियरिङ<br>च. सूचना प्रविधि | २० जना | ५० हजार | १. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि (नागरिकता प्राप्त गर्न उमेर नपुगेका विद्यार्थीको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि)<br>२. बुहारीको हकमा विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि,<br>३. सम्बन्धित स्थानीय तहबाट स्थायी ठेगाना प्रमाणित कागजात<br>४. मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.ई.ई./एस.एल.सी. परीक्षा उत्तीर्ण प्रमाणपत्र<br>५. नियमितरूपमा अध्ययनरत रहेको र शिक्षण शुल्क बुझाएको तथा अन्य कुनै निकायबाट छात्रवृत्ति वा निःशुल्क सुविधा नपाएको सम्बन्धित शैक्षिक संस्थाको सिफारिसपत्र<br>६. अपाङ्गको हकमा अपाङ्गता परिचयपत्र<br>७. सीमान्तकृत तथा लोपोन्मुखको हकमा स्थानीय तहको सिफारिसपत्र<br>८. बुवा आमा नभएको एकल महिलाको हकमा मृत्यु दर्ता प्रमाणपत्र<br>९. दलित, द्वन्द्वपीडित, एकल महिलाको हकमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिसपत्र |
| २ | उच्चशिक्षा अपाङ्ग छात्रवृत्ति | सबै विषय / स्नातक वा स्नातकोत्तर | १० | २४ हजार | १. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि<br>२. सम्बन्धित निकायबाट जारी भएको अपाङ्गता परिचयपत्र |

e-mail:sdojumla@gmail.com, फोन नं+९७७०८७५२००४९

...अधिकृत

कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा विकास निर्देशनालय
**सामाजिक विकास कार्यालय, जुम्ला**
कार्यालय कोड:३५००१६२०१६

प.सं.- २०८२/०८३ च.नः- मिति-२०८२।१०।०८

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | ३. सम्बन्धित स्थानीय तहबाट स्थायी ठेगाना प्रमाणित कागजात<br>४. मान्यता प्राप्त शिक्षण संस्थामा नियमित रूपमा अध्ययनरत रहेको र अन्य कुनै निकायबाट छात्रवृत्ति नपाएको भनी अध्ययनरत शैक्षिक संस्थाको सिफारिस<br>५. अध्ययनरत तह भन्दा तलको शैक्षिक योग्यताको प्रमाणपत्र |
| ३ | उच्चाशिक्षा दलित छात्रवृत्ति | सबै विषय / स्नातक वा स्नातकोत्तर | ५ जना | २४ हजार | १. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि<br>२. सम्बन्धित जिल्ला प्रशासन कार्यालयको दलित प्रमाणित प्रमाणपत्र<br>३. सम्बन्धित स्थानीय तहबाट स्थायी ठेगाना प्रमाणित कागजात<br>४. मान्यता प्राप्त शिक्षण संस्थामा नियमितरूपमा अध्ययनरत रहेको र अन्य कुनै निकायबाट छात्रवृत्ति नपाएको भनी अध्ययनरत शैक्षिक संस्थाको सिफारिस<br>५. अध्ययनरत तह भन्दा तलको शैक्षिक योग्यताको प्रमाणपत्र |

पुनश्च:
छात्रवृत्ति वितरणका आधारहरू एकीकृत छात्रवृत्ति वितरण तथा व्यवस्थापन कार्यविधि, २०८१ मा उल्लिखित भए अनुसार हुनेछ । यस सम्बन्धी थप जानकारीका लागि यस कार्यालयमा वा फोन नं. ०८७-५२००४९ मा सम्पर्क राख्नु हुन जानकारी गराइन्छ।

१०।८

कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा विकास निर्देशनालय
**सामाजिक विकास कार्यालय, जुम्ला**
कार्यालय कोड:३५००१६२०१६

प.सं.- २०८२/०८३ च.नः- ९९ मिति-२०८२।१०।०८

बिषयः- दरखास्त आह्वान सम्बन्धी सुचना टाँस गरिदिने सम्बन्धमा।

श्री जिल्ला समन्वय समितिको कार्यालय जुम्ला
श्री जिल्ला प्रशासन कार्यालय जुम्ला
श्री शिक्षा विकास तथा समन्वय इकाइ जुम्ला
श्री जिल्ला स्थित स्थानियतह सबै,

प्रस्तुत बिषयमा सामाजिक विकास कार्यालय जुम्लाको आ.व. २०८२।०८३ को छात्तवृत्ति सम्बन्धी सूचना प्रकाशित गर्ने निर्णय भई मिति २०८२।१०।०८ गतेका देखि २१ (एकाईस) दिने दरखास्त आह्वान भएकाले यसैसाथ संलग्न सूचना तहाँ कार्यालयको सुचना पाटीमा सुचना टाँस गरिदिन हुन सादर अनुरोध छ।

१०।८

.........................
(टोप बहादुर बुढा)
सामाजिक विकास अधिकृत

e-mail:sdojumla@gmail.com, फोन नं+९७७०८७५२००४९

CamScanner